प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषय नबनाऔं,

विवाहमा दाईजो लिने र दिने काम नगरौं, दाईजोका कारण हुने हिंसा अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २७९ ॥ २०८१ मंसिर १४ गते शुक्रबार (29th Nov 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

# शताक्षीधाममा तयार भयो सवा करोड रुद्राक्षको ५१ फिट शिवलिङ्ग

झापा(प्रस) । झापाको शताक्षीधाममा धार्मिक पर्यटक लोभ्याउन नेपालमै पहिलो पटक सवा करोड रुद्राक्ष दानाजडित ५१ फिट शिवलिङ्ग निर्माण भएको छ।

यो शिवलिङ्गलाई स्थानीय धार्मिक व्यक्तिले ऐतिहासिक शिवलिङ्ग मान्न थालेका छन्। गोलोक गोवर्धन गौशालाले यो शिवलिङ्ग निर्माण गरेको हो। नेपालका ५१ वटा जिल्ला र भारतका सिक्किम, दार्जिलिङ,गान्टोकलगायतका ठाउँबाट रुद्राक्ष सङ्कलन भएको गोवर्धन गौशालाले जनाएको छ। योसँगै भारतकै मणिपुर र आसाम राज्यबाट पनि रुद्राक्ष सङ्कलन भएको छ ।

गौशालाका अनुसार भुटान, बर्मालगायतका मुलुकबाट पनि रुद्राक्ष संकलन भएर आएको थियो ।

गएको असार ३ गते अर्थात् असारको निर्जला एकादशीका दिनदेखि निर्माण सुरु भएको यो शिवलिङ्ग १५१ दिनमै निर्माण भइसकेको बताइएको छ । गौशालाका अनुसार मंसिर १७ गते यो शिवलिङ्गको भव्य धार्मिक सभाका बीच उद्घाटन हुनेछ । उद्घाटनका लागि नेपाल भारतलगायत अन्य मुलुकका सयौं धार्मिक व्यक्तित्वको शताक्षीधाम क्षेत्रमा आवागमन हुन थालेको छ।



गौशालाले दिएको जानकारी अनुसार शताक्षीधाम परिसरमा निर्माण भएको ऐतिहासिक शिवलिङ्गको चतरा धामका पिठाधिपति बालसन्त मोहनशरण देवाचार्यजी महाराजले अनावरण गर्ने कार्यक्रम छ।

गौशालाले निर्माण गरेको यो शिवलिङ्गको करिब ९० प्रतिशत निर्माण भइसकेको गौ संरक्षण अभियानका अभियन्ता घनश्याम खनाल शास्त्रीले बताए । उनका अनुसार यो शिवलिङ्गको विशेषता अनेकौं छ । उनले भने, '५१ फिट अग्लो, ५१ वटा नेपालका जिल्लाबाट सङ्कलन गरिएको, १५१ दिनमा निर्माण भइसक्ने, ५१ ब्राह्मणद्वारा पञ्चकुण्डीय कोटीहोममा नौ दिन हवन गर्ने र गोलोक गोवर्धन गौशालाको लिङ्ग महापुराणमा निर्माणाधीन शिवलिङ्गको उत्सवभरि प्रत्येक दिन ५१ जना ब्राह्मणद्वारा मूल पूजापाठ हुने छ ।'

यसैकारणले पनि यसको विविध पक्ष र ऐतिहासिक महत्व भएको उनले बताए ।

गौशालाका अनुसार नेपालका जिल्लाबाट सङ्कलन गरिएका रुद्राक्षक खरिद गरिएका हुन् भने भारत लगायत अन्य मुलुकबाट आएका रुद्राक्ष गौशालाले सौजन्य प्राप्त गरेको हो।

फलामको पातालाई बंग्याएर ५१ फिट अल्गो फ्रेम बनाइएको छ। त्यो फ्रेमलाई रुद्राक्षको मालाले छोपिएको छ । हेर्दा निकै आकर्षक देखिन्छ । यो शिवलिङ्ग नेपालमै पहिलोपटक निर्माण भएको हो।

श्री गोलोक गोवर्धन गौशाला शताक्षीधाममा निर्माण भएको गोरक्षा महोत्सव २०८१ विशेष आकर्षण रुद्राक्ष नै रुद्राक्षको शिवलिङ्ग निर्माण गर्न सकेकोमा आफूलाई गर्व लागेको गौशालाका संरक्षकसमेत रहेका आचार्य श्री नन्दकिशोरजी महाराजले बताए। 'शिवलिङ्ग निर्माणमा गौशालाको १७ लाख २० हजार १ सय ५ रुपैयाँ खर्च भएको छ ' गौशालाका अध्यक्ष नन्दकिशोरजी महाराजले भने ।

यो शिवलिङ्ग सरकारको योजनामा रहेको पर्यटन वर्ष २०८२ का लागि पनि निकै आकर्षक मानिने बताइएको छ। सरकारको घुम्नयोग्य धार्मिक तथा पर्यटकीय क्षेत्र शताक्षीधाम पर्छ वा पर्दैन तर गौशालाले निर्माण गरेको यो शिवलिङ्ग ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिने शताक्षी धाम मन्दिर तथा धार्मिक पर्यटकीय विकास संस्थाका उपाध्यक्ष उदय प्रकाश राईले बताए । उनले भने 'यो शिवलिङ्गले शताक्षीधाम क्षेत्रको शोभा दिएको छ।'

## शताक्षीधामको ८७ धारा मुख्यमन्त्रीद्वारा उद्घाटन



• **विनोद सापकोटा,**

झिलझिले ।झापाको शताक्षीधाममा ८७ धारा थपिएको छ ।

शताक्षीधाम आउने तीर्थालु भक्तजनका लागि स्नान गर्न मिल्ने धारा निर्माण भएको शताक्षीधाम मन्दिर तथा पर्यटकीय विकास संस्थाले जनाएको छ। समितिका उपाध्यक्ष उदयप्रकाश राईका अनुसार शतासी धारामा स्नान गरेपछि दिगम्बेश्वर महादेवको मन्दिर र शाकम्बरी शताक्षी देवीको मन्दिरमा पूजा अर्चना गर्न सकिनेछ। ८७ धाराको बिहीवार कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले उद्घाटन गरेका छन् । उनले ८७ धाराबाट बग्ने जल अभिषेक गर्दै धाराको उद्घाटन गरेका हुन् ।

पौराणिक कथासँग जोडिएको यो धामको वास्तविक नाम शताक्षी हो। "शताक्षी" शब्दको अर्थ हुन्छ सय आँखा भएकी देवी । शताक्षीको व्याख्या विभिन्न धार्मिक र सांस्कृतिक सन्दर्भमा जोडिएर आउने धार्मिक गुरुले बताएका छन्।

हिन्दू धर्ममा, "शताक्षी" को अर्थ एक विशेष देवीको रूपको रूपमा लिइन्छ । जसको धेरै आँखाहरू हुने विश्वास छ। यी आँखाहरूले संसारभरका घटनाहरूमा नजर राख्न सक्ने क्षमता राख्ने प्रतीकात्मकता जनाउँछन्। यसका साथै, "शताक्षी" शब्दको प्रयोग सामान्यतया ती शक्तिशाली देवता वा देवीलाई जनाउन गरिन्छ जसको दृष्टि सर्वव्यापी र सबैतिर फैलिएको मानिन्छ।

"शताक्षी" को अर्थ र उपयोग संस्कृत र हिन्दू धार्मिक काव्यमा पनि पाएको छ।

८७ भन्नाले ८६ र ८८ को बीचमा हुने अङ्कलाई बुझाउँछ। सताक्षी धाममा निर्माण भएको ८७ धाराले संख्या बुझाएको स्थानीयवासीले बताए । दिगम्बेश्वर महादेव र शाकम्बरी सताक्षी मन्दिर नजिकैको शताक्षी गंगाको पानी ल्याएर ८७ धारामा जडान गरिएको छ। तर यो धारालाई मुक्तिनाथमा भएका १०८ धारा पछिको दोस्रो मुक्तिनाथको धारा भएको गौसंरक्षक घनश्याम शास्त्रीले बताए । उनले शताक्षीधाम धार्मिक

❖ बाँकी अन्तिम पृष्ठमा

# गोरुको मासुसहित अर्जुनधाराका तामाङ पक्राउ

झापा(प्रस) । झापाको अर्जुनधारा- ५ मा गोरुको मासुसहित एकजना पक्राउ परेको र अर्का फरार रहेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा अर्जुनधारा- ४ का अन्दाजी ५० वर्षीय राम तामाङ रहेका छन् । त्यस्तै घरधनी अन्दाजी ५५ वर्षीय सन्तबहादुर मोक्तान तामाङ फरार रहेको र उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । बुधवार राति अन्दाजी ८.३० बजे अर्जुनधारा- ५ पानीकल बस्ने सन्तबहादुर मोक्तान तामाङको घरको कोठामा अन्दाजी ८ किलोग्राम टुक्रा टुक्रा पारेको मासुसहित राम तामाङ खुकुरीसहित पक्राउ परेका थिए । घरधनी सन्तबहादुर तत्काल फरार रहेकोमा उनको खोजतलास भइरहेको डीएसपी चन्दले जानकारी दिए ।

कानुनी प्रकृया पुरा गरी मासुलाई परीक्षणको लागि पठाइएको उनले जानकारी दिएका



छन् । गोरु कहाँबाट ल्याएर काटेको सम्बन्धमा अनुसन्धान भइरहेको जनाइएको छ ।खोलाको बगरमा गौहत्या गरेर घरमा मासु टुक्रा पारिरहेको अबस्थामा तामाङ पक्राउ परेका हुन् । मासुसंगै आन्द्रा भुँडी पनि फेला परेको अर्जुनधारा- ५ का वडाध्यक्ष गीताराज खड्काले बताए । उनले गौहत्या गरेपनि काटेको गाई वा गोरु के हो ? भनेर यकिन गर्न नसकिएको जानकारी दिए ।

यसैबीच कन्काई-३ मा भएको गौहत्याको घटनामा संलग्न थप एकजना पक्राउ परेका छन् । उक्त गौंहत्यामा संलग्न भएको आशंकामा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले बुधवार दिउँसो ४:३० बजे कन्काई -४ बस्ने २१ वर्षीय मोहम्मद मुन्ना आलमलाई उनकै घरबाट पक्राउ गरेको हो ।

योसहित सो घटनामा संलग्न पाँचजना पक्राउ परिसकेका छन् ।

यसअघि पक्राउ पर्नेहरुमा बाह्रदशी गाउँपालिका वडा नं. ४ बस्ने ४६ वर्षीय बुधन आलम,उनकी श्रीमती ३९ वर्षीया कुरेसा खातुन , भारत किसनगञ्ज ठेगाना भई हाल कनकाई ३ मा बस्ने २० वर्षीय दिलवर हुसेन र उनकी श्रीमती १९ वर्षीया महिदा खातुन रहेका छन् ।

## पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि.

**बिर्तामोड-३ , बिर्ताबजार, झापा**

## साधारण सभा सम्बन्धी सूचना

यस पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि.को गत कात्तिक २८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २२ औं वार्षिक साधारण सभा निम्न मिति , स्थान र समयमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई अनिवार्य उपस्थित भइदिनु हुन सूचित गरिन्छ ।

**साधारण सभा हुने मिति- २०८१ साल पुष ४ गते बिहीवार**

**स्थान- नेत्रहीन संघ झापाको सभाहल, बिर्तामोड-३ बिर्ताबजार**

**समय- बिहान १० बजे**

**गंगाकुमारी कार्की**
**सचिव**

**यादवकुमारी तिम्सिना**
**अध्यक्ष**

## स्थानीय तह उपनिर्वाचन

# राति १२ बजेदेखि मौन अवधि शुरु

झापा(प्रस) । स्थानीय तह उपनिर्वाचनअन्तर्गत बिहीबार राति १२ बजेदेखि मौन अवधि सुरू भएको छ ।

मतदानभन्दा ४८ घन्टा अगाडि मौन अवधि सुरू भएको हो ।

यो अवधिमा उम्मेदवारले मत माग्ने वा अरू कुनै पनि किसिममा प्रचारका गतिविधि गर्न पाउँदैनन्।

निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुसार यो अवधिमा उम्मेदवारका अतिरिक्त राजनीतिक दलहरूलाई सभा, सम्मेलन, गोष्ठी, भेला, अन्तरक्रियालगायत गतिविधि गर्न



रोक लगाइएको छ।

मंसिर १६ गते ३७ जिल्लाका ४४ स्थानीय तहका विभिन्न रिक्त पदमा उपनिर्वाचन हुँदैछ।दुई जिल्ला समन्वय समिति प्रमुख, एक नगरपालिकाको प्रमुख, एक उपप्रमुख, दुई गाउँपालिका अध्यक्ष, ४ उपाध्यक्ष, ३४ वडाध्यक्ष पदमा उपनिर्वाचन हुन लागेको हो।

४४ रिक्त स्थानमा निर्वाचन भएपनि तीन पद भने निर्विरोध भइसकेको छ। ओखलढुंगा जिल्ला समन्वय समिति प्रमुखमा कांग्रेसका टेकराज भट्टराई र कैलाली जिल्ला समन्वय समिति प्रमुखमा पनि कांग्रेसकी टीकाकुमारी चौधरी निर्विरोध भएका छन्।त्यस्तै, रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका वडा नम्बर दुईको वडाध्यक्षमा माओवादी केन्द्रका उम्मेदवार जगत घर्तीको एकल उम्मेदवारी छ।

उपनिर्वाचनमा १६२ मतदान स्थल, २९३ केन्द्र तोकिएका छन्। यो उपनिर्वाचनमा २ लाख २६ हजार ७ सय ९९ मतदाता रहेका छन्।



# ‘हनी ट्र्याप’ मा पार्ने इलामकी मगरसहित तीन पक्राउ

झापा(प्रस) । आपराधिक लाभको उद्देश्यले योजनाबद्ध रूपमा फार्मेसी सञ्चालकलाई ‘हनी ट्र्याप’ मा फसाएको आरोपमा तीन जना पक्राउ परेका छन् ।पक्राउ पर्नेहरूमा इलामकी २५ वर्षीया समृद्धि मगर, काभ्रेका ३० वर्षीय दीपेन्द्र दर्जी र काभ्रेकै २५ वर्षीया वर्षा दर्जी छन् । भक्तपुरस्थित राधेराधे नजिकै डेरामा बोलाएर उनीहरूले फार्मेसी सञ्चालक ३३ वर्षीय युवकलाई हनी ट्र्यापमा पारेर रकम असुलेका हुन् ।घटना २०८१ मंसिर ६ गतेबाट सुरु भएको प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले जानकारी दिए । बर्षा दर्जीले मेसेन्जरमार्फत पीडित व्यक्तिसँग सम्पर्क गरी घाउको ड्रेसिङ गर्न बोलाइन् । पीडितले उनी बसेको कोठामा पुगेपछि दर्जीको खुट्टामा कुनै घाउ नभएको देखे ।कोठाको ढोका लगाई डर देखाउँदै पीडितलाई जबरजस्ती करणीको मुद्दामा फसाउने धम्की दिइयो ।



यसपछि अर्की अभियुक्त समृद्धि मगरले पनि पीडितलाई सहमतिमा आउन धम्क्याएको खुलेको छ । रकम माग गर्दै उनले १८ लाखबाट सौदाबाजी गरी ८ लाखमा कुरा मिलाएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार मंसिर ११ गते, कौशलटारस्थित वेभ सेकुवा कर्नरमा २५ हजार नगद र २५ हजार सिद्धार्थ बैंकको क्यूआर कोडमार्फत माग गरियो । थप ७५ हजार रुपैयाँ चेकको माध्यमबाट दिइएको थियो । प्रहरीका अनुसार, तीनै अभियुक्त यस प्रकारका अपराधमा संगठित रूपमा सक्रिय रहेको देखिएको छ ।

घटनामा संलग्न एक अन्य व्यक्ति फरार छन् । तीन जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानबाट पक्राउ गरेको हो । अरु व्यक्तिको खोजी जारी छ । उनीहरुको साथबाट ७५ हजार रुपैयाँको एशिया बैंकको चेक, नगद २० हजार ५ सय रुपैयाँ र चार थान मोबाइल बरामद गरिएको छ ।

दिपेन्द्र दर्जी यसअघि २०७१ सालमा कर्तव्य ज्यानको मुद्दामा दोषी ठहर भई सजाय भुक्तान गरिसकेका व्यक्ति रहेको खुलेको छ । पक्राउ परेका व्यक्तिहरूलाई आपराधिक लाभसम्बन्धी मुद्दामा अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर, भक्तपुर पठाइएको छ ।

# ब्राउनसुगरसहित शिवसताक्षी र चुलाचुलीका दुई युवा पक्राउ

झापा(प्रस) ।लागूऔषध ब्राउनसुगरसहित शिवसताक्षी र चुलाचुलीका दुई युवा पक्राउ परेका छन् । बुधवार साँझ ६.५बजे पुरानो मेची पुलमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका शिवसताक्षी ८ बस्ने २१ वर्षीय संजय राई लागूऔषधसहित पक्राउ परेका हुन् ।



शंका लागेर चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकसहित ३ ग्राम ९१० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ ।

त्यस्तै बुधवारै साँझ ७.५५ बजे दमक ८ स्थित बाटोमा इलाम चुलाचुली गाउँपालिका ३ बस्ने २८ वर्षीय उपेन्द्र बान्तवालाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकसहित ३ ग्राम १० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । बान्तवालाई इलाका प्रहरी कार्यालय दमकमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# थाङ्काबाट वार्षिक १५ लाख आम्दानी

झापा(प्रस) । बौद्ध दर्शनमा आधारित परम्परागत चित्रकला थाङ्का बनाएर सुनसरीको बराहक्षेत्र नगरपालिका-५ कालाबन्जरका राजकुमार विष्टले वार्षिक रु १५ लाख आर्जन गर्दै आएका छन् । विगत २० वर्षदेखि थाङ्का बनाउँदै आएका उनले थाङ्कालाई नै आम्दानीको मुख्य स्रोत बनाएका छन् ।

विष्ट भन्छन्, “बौद्ध दर्शनमा आधारित एउटा विशिष्ट शास्त्रीय चित्रकलाजस्तै हो र यो नेवार जातिको परम्परागत चित्रकला पौभासँग मिल्दोजुल्दो हुन्छ । घर खर्च यसैबाट जुटाउने गरेको छु । धेरै चित्र गुम्बाहरुमा बिक्री हुने गरेको छ”, तर यहाँ प्रशस्त गुम्बा नहुँदा काठमाडौंका साथै चीनको तिब्बत, हङकङ, , सिङ्गापुर,अमेरिकालगायत देशमा बिक्री हुने गरेको छ ।



थाङ्का चित्र अहिले धेरैजसो नेपाल भ्रमणमा आउने विदेशी पर्यटकले किन्ने गरेका छन् । विदेशीले थाङ्का चित्रमार्फत नेपालको ऐतिहासिक तथा धार्मिक परम्परालाई झल्काउने उनले बताए । उनले १० जनालाई रोजगारी पनि दिएका छन् ।

# सरकार पुरै अवधि सञ्चालन हुन्छ–सिटौला



बिर्तामोड(प्रस) । नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले कांग्रेसले गरेको सम्झौताअनुसार वर्तमान सरकार पुरै अवधि सञ्चालन हुने बताएका छन् । नेपाली कांग्रेस झापा जिल्ला पार्टी कार्यालयमा आयोजित पार्टी पदाधिकारी र नेपाल तरुण दल झापाको संयुक्त भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेता सिटौलाले कांग्रेसले कहिल्यै धोकाको राजनीति नगर्ने स्पष्ट पारे । ‘धोकाको राजनीतिमा बढी चलखेल गर्दा प्रचण्ड नेतृत्वको सरकार उनकै कारणले ढलेको हो’- सिटौलाले भने-‘विश्वास र इमान्दारिता नै नेपाली कांग्रेसको पहिचान र सम्पत्ति हो । कांग्रेसले सत्ता साझेदार दल र जनतालाई कहिल्यै ढाँटेको छैन ।’ २००७ सालदेखि संविधान निर्माणसम्मका हरेक राजनीतिक परिवर्तनको नेतृत्व नेपाली कांग्रेसले गरेको उल्लेख गर्दै पूर्व गृहमन्त्रीसमेत रहेका नेता सिटौलाले भने-‘शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत विस्तार, विकास निर्माणलगायतका सबै नीति निर्माण कांग्रेसकै नेतृत्वमा भएका हुन् । यिनै नीतिका आधारमा गाउँ-गाउँमा विकास र शिक्षा पुगेको छ ।’

वैचारिक, सैद्धान्तिक र सांगठनिक धरातलमा रहेर समुदायकेन्द्रित कार्यक्रम गर्न नेपाल तरुण दललाई निर्देशन दिएका नेता सिटौलाले जनजीविका र विकास निर्माणलाई आफ्ना गतिविधिमा जोड्न आह्वान गरे ।

राजनीतिमा नयाँ पुस्ता आइसकेको र हिजोको पुस्ताले तानाशाही शासन ब्यवस्था फाल्न कांग्रेसले गरेको संघर्षबारे बुझाउन जरुरी रहेको बताउँदै उनले नयाँ पुस्तालाई राजनीतिक मुभमेन्टमा जोड्न युवाकेन्द्रित कार्यक्रम गर्न आग्रह गरे । सहकारी ठगका पछि भुलभुलैयामा लागेका युवालाई ठगीसम्बन्धी यथार्थ कुरा बुझाएर तरुण दलको संगठनमा आबद्ध गर्न पनि नेता सिटौलाले तरुण नेताहरुलाई आह्वान गरे ।

राजनीतिक दलको तागत वैचारिक धरातल र सिद्धान्तमा आधारित हुने बताउँदै उनले हरेक परिवर्तनहरुमा वैचारिक आन्दोलनको नेतृत्व गरेका कारण वैचारिक क्रान्तिको उत्तराधिकारी कांग्रेस कार्यकर्ता हुनु गौरवको विषय हो भने ॥

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले तरुण दल पार्टीको शक्ति भएको बताउँदै पद खाली रहेका स्थानमा पदपूर्ति गरेर तरुण दलका गतिविधि क्रियाशील बनाउन तहगत संरचनाहरुलाई आह्वान गरे ।

नेपाल तरुण दल झापाका अध्यक्ष गोपाल तामाङको अध्यक्षतामा सम्पन्न भेलामा भूमिराज राई, राजकुमार नेउपाने, गोकुल श्रेष्ठ, लवकुमार चौधरी, राजीव लिम्बू, तुला बोखिक, विशाल तामाङ, शेरबहादुर बस्नेत, खड्ग लिम्बू, अर्जुनकुमार शर्मा, मोहन बराइलीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

## शताक्षीधामका...

ऐतिहासिक र पर्यटकीय स्थल मात्र नभएर दोस्रो मुक्तिनाथको रूपमा स्थापित भएको बताए । शताक्षी नदीको तटीय क्षेत्रमा यो धारा निर्माण भएकोले पनि यसको महत्व ओझपूर्ण भएको उनले बताएका छन् । चारैतिर चुरे पहाडले घेरेको नदीको तटीय क्षेत्रमा यो धारा निर्माण भएपछि शताक्षीधाम आएका धार्मिक पर्यटक फोटो भिडियो बनाउन थालेका छन् । पछिल्ला समयमा शताक्षीधाम क्षेत्रमा स्थायी पूर्वाधारहरू निर्माण भइरहेका छन्। मुख्यमन्त्री कार्कीले धाम क्षेत्रमा अतिथि गृहको शिलान्याससमेत गरेका छन् । तीन तलाको हुने भवन स्थानीय तह, प्रदेश सरकार र दाताहरूको सहयोग लिएर निर्माण गरिने धाम समितिले जनाएको छ। गोलोक गोवर्धन गौशालाका संरक्षक आचार्य नन्दकिशोरजी महाराजले उक्त भवन निर्माण सहयोगार्थ १० लाख रुपैयाँ प्रदान गर्ने घोषणा गरे। मुख्यमन्त्री कार्कीले कागजी प्रक्रिया पूरा भएपछि भवनको निर्माण सुरु हुने बताए । उनले भने,‘समय ठ्याक्क भन्न सकिँदैन । तर यो अतिथि गृह अवश्य निर्माण हुन्छ।’ कार्यक्रममा ८७ धाराका दातालाई सम्मान गरिएको थियो। समितिका सचिव कालीप्रसाद रिजालले ८७ धारा निर्माणको लागि दाताबाट सङ्कलन भएको रकमको विवरण यकिन नभएको बताए । ‘दाताले दिएको रकम र धारा निर्माणका लागि खर्च भएको रकमको विवरण यकिन भएको छैन ।’ दाताले कबुल गरेको केही रकम सङ्कलन हुन बाँकी रहेकाले यकिन नभएको उनले बताए ।

कार्यक्रम समितिका अध्यक्ष तुलाराम बोखिमको अध्यक्षतामा भएको थियो। कार्यक्रममा कोशी प्रदेश सभाका सदस्य राधाकृष्ण खनाल, शिवसताक्षी नगरपालिकाका प्रमुख मेघाहाङ थोप्रा ‘रोसन’ ,अन्य जनप्रतिनिधि, कोशी प्रदेश सरकारका उच्च पदस्थ सरकारी अधिकारीलगायतको सहभागिता थियो।

# ५५ करोडको अनलाइन जुवा खेलाउने सुनिल पक्राउ

झापा(प्रस) ।बेटिङ एप्लिकेसनमार्फत विश्वभर सञ्चालन हुने अनलाइन खेलअन्तर्गत जुवा (सट्टेबाजी) गर्ने र गराउने गरेर गैरकानुनी रकम सङ्कलन गरेको आरोपमा सुनिल राई पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका अनुसार पक्राउ पर्नेमा पाँचथर जिल्ला मिक्लाजुङ गाउँपालिका वडा नं. ७ का ३७ वर्षका सुनील राई हुन् । ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका वडा नं. ४ अफलटोल बस्दै आएका राईले ७५ वटा बैंक खाता, १२८ इसेवा वालेटबाट ५५ करोड २० लाख ८४ हजार ७१ रुपियाँ बराबरको कारोबार गरेको खुल्न आएको छ । राईबाट एनसेल कम्पनीका ७० सिमकार्ड, ११ नागरिकता, १५ राहदानी, २२ चेकबुक र ४२ थान एटिएम कार्ड बरामद गरिएको प्रहरीले जनाएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री कल्पना खनाल गुरागाई, दक्षिणः रामलाल ढुङ्गेल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री खेम नाथ भट्टराईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९० १६० | २२३ | १८०. ०० | २०८०/ ०८ /३० | २०८०/ ०८ /२९ | २०८१/ ०८/१३ |

**हिमालयन लाइफ इन्स्योरेन्स लि.**

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0230009683 | दिपक प्रसाद रेग्मी | इनरुवा-६ ,सुनसरी |

**हिमालयन लाइफ इन्स्योरेन्स लि.**

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | GLI 0230005535 | प्रस्तापकःनेत्रमाया सुवेदी बिमितः प्रवेश सुवेदी | भद्रपुर-१ ,झापा |

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लि. द्वारा संचालित

**मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल**

**Manmohan Memorial Eastern Regional Community Hospital**

बिर्तामोड ५, झापा

**निर्वाचन कार्यतालिका सम्बन्धी सूचना**

मिति २०८१ मंसिर ७ गतेको संस्थाको संचालक समिति बैठकको निर्णय अनुसार गठित निर्वाचन समितिले आफनो कार्य प्रारम्भ गरि प्रकाशित निर्वाचनसंग सम्वन्धित कार्यतालिका सम्पूर्ण शेयर सदस्य महानुभावहरुको जानकारीका लागि निम्नानुसार प्रकाशन गरिएको छ ।

**निर्वाचन कार्यतालिका**

| क्र.स. | निर्वाचन कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८१/०८/२४ | ११:०० बजे |
| २ | मतदाता नामावलीमाथि दावी विरोध/संशोधन | २०८१/०८/२५ | ११:०० बजेदेखि ४:०० बजेसम्म |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१/०८/२५ | ५:०० बजेसम्म |
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता | २०८१/०८/२६ | १:०० बजेदेखि ५:०० बजेसम्म |
| ५ | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको प्रथम नामावली प्रकाशन । | २०८१/०८/२६ | ५:०० बजे |
| ६ | उम्मेदवारको विरोधमा उजुरी दिन सकिने । | २०८१/०८/२७ | ११:०० बजेदेखि १:०० बजेसम्म |
| ७ | मनोनयनपत्र जाँच र उजुरीउपर निर्णय गर्ने । | २०८१/०८/२७ | ४:०० बजे |
| ८ | उम्मेदवारको दोस्रो नामावली प्रकाशन । | २०८१/०८/२७ | ५:०० बजे |
| ९ | उम्मेदवारले आफनो नाम फिर्ता लिने | २०८१/०८/२८ | ४:०० बजे |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन । | २०८१/०८/२८ | ५:०० बजे |
| ११ | मतदान । | २०८१/०८/२९ | ३:०० बजेदेखि ६:०० बजेसम्म |

दृष्टव्यः-

१) मतदाताले मतदान गर्न आउँदा परिचयपत्र वा नेपाल सरकारले जारी गरेको फोटोसहितको परिचय खुल्ने कागजात लिई उपस्थित हुनुपर्नेछ ।

२) संस्थाको साधारण सभा र निर्वाचन विर्तामोड-०५ स्थित सिटी सेन्टरमा हुनेछ ।

३) उम्मेदवारहरुको लागि चाहिने योग्यता निर्वाचन कार्यालयमा टाँस गरिएको छ ।

४) शेयर सदस्यहरुले साधारण सभामा स्वयम् उपस्थित हुनुपर्ने छ ,प्रतिनिधि मान्य हुने छैन ।

....................

संयोजक

निर्वाचन समिति


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कोशीमा पर्यटनको संभावना

कोशी प्रदेश सरकारले २०८२ साललाई पर्यटन बर्ष २०८२ मनाउने तयारी गरेको छ। पूर्वमा पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले प्रदेश सरकारले सो योजना बनाएको हो। पूर्वमा पर्यटकीय सम्भावना भएका धेरै स्थान छन्। तिनमा आवश्यक पूर्वाधार बनाउन उति ध्यान पुगेको छैन। पूर्वाधार बनाएर पर्यटक आकर्षित गर्न सके धेरै फाइदा लिन सकिने अवस्था छ। स्थानीय प्रयासमा जेनतेन पर्यटन विकासका काम भएका छन्। सरकारी र अन्य सरोकारवालाको प्रयास पर्याप्त देखिएको छैन। हराभरा डाँडामा सजिएको चियाबारी, कृषिले सुधारिएको जीवनशैली, सूर्योदय र हिमशृंखला दृश्यावलोकन जैविक, धार्मिक र सांस्कृतिक महत्वका अनेकन स्थान। पहाडकी रानी उपनाम पाएको इलाम जिल्लामा बितेका दशकमा यस्तै महत्वलाई उजागार गर्न निकै पहल गरियो। सम्भावित हरेक क्षेत्रमा केही न केही काम भएको छ। १२ वर्षअघि इलाम महोत्सव आयोजना गरेर पर्यटन विकास सम्भावनाको ढोका खोलेको जिल्लामा यतिका समयमा अपेक्षित काम भने हुन सकेको छैन।

ताप्लेजुङमा विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजंघा लगायत सात हजार मिटर माथिका ११ वटा हिमशृंखला छन्। प्रसिद्धि कमाएको पाथीभरा, बाह्रैकाल पानी झरिरहने फुङफुङे झरना, धार्मिक तथा पर्यटकीय दृष्टिले आकर्षक तिम्बुङ पोखरीलगायत स्थान छन्। भूतपोखरी, सोदो पोखरी, हाँसपोखरी जस्ता पोखरी नै पोखरी भएको जिल्ला पनि हो। जति बढी पर्यटकहरुलाई नेपालमा आकर्षित गर्न सकिन्छ, त्यति नै बढी रोजगारीका अवसरहरुको सृजना हुन्छ र विदेशी मुद्रा आर्जन गर्न सकिन्छ। पर्यटकको संख्यामा वृद्धि गर्न सकिएमा यससँग सम्वन्धित होटल, रेष्टुरेन्ट, ट्राभल एजेन्सी, ट्रेकिङ, र्‍याफटिङ कम्पनी, प्याराग्लाडिङ कम्पनी, पर्वतारोहण संघ, हस्तकला उत्पादक उद्योग, पथ प्रदर्शक, पदयात्रामा जाने पर्यटकहरुको भारी बोकी सघाउने भरिया, यस्तै अन्य पर्यटन व्यवसायका संचालक एवम् सहोगीहरुले रोजगारी प्राप्त गर्न सक्छन्। जसबाट प्रत्यक्ष यस व्यवसायमा संलग्न हुनेले बढी फाइदा लिए पनि अप्रत्यक्ष रुपमा सम्पूर्ण नेपालीहरुले फाइदा प्राप्त गर्दछन्। जसले गर्दा नेपाल र नेपालीको चौतर्फी विकासमा सहयोग पुग्दछ।

नेपालमा पर्यटकहरुका लागि उत्कृष्ट मानिएका पदयात्रा गर्ने ठाउँहरु छन्। यस्ता ठाउँहरुको राम्रो प्रचार प्रसार हुन सकेमा नेपाल आउने पर्यटकको संख्यामा वृद्धि गर्न सकिन्छ। पर्यटन क्षेत्रमा भएको विकासको कारणले नेपालीहरुले विभिन्न फाइदाहरु प्राप्त गरेका छन्। नेपाललाई आत्मनिर्भर बनाउन र नेपालको आर्थिक, सामाजिक, साँस्कृतिक तथा यसको चौतर्फी विकास गर्न सकिएमा नेपाल पनि संसारमा छिट्टै विकसित राष्ट्रको रुपमा चिनिन सक्छ। नेपालीहरु रोजगारीका लागि विदेश पलायन हुन पर्दैन। यसका लागि नेपाल सरकारले स्पष्ट कार्यनीति तथा रणनीति बनाई त्यसको कडाइका साथ कार्यान्वयन गर्नुपर्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कार्यान्वयन भएन भेदभाव ऐन



• सुशील दर्नाल

सदियौँदेखि दलित समुदायले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछुतको समस्या अहिले पनि समाजमा उस्तै छ। विसं २००३ देखि साङ्गठनिक रूपमा दलित आन्दोलन सुरु भएदेखि यो ७८ वर्षको बिचमा पटक पटकका सरकारले छुवाछुतमुक्त राष्ट्र घोषणा नगरेको होइन तर छुवाछुत अहिले पनि उस्तै छ। यस अवधिमा भएका प्रत्येक पटकको निर्वाचनमा छुवाछुत अन्त्य गर्ने राजनीतिक दलको एजेन्डा बन्यो तर कार्यान्वयन भएन। आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक रूपमा पछाडि परेका दलित समुदायले जन्मजातै भोग्दै आएको छुवाछुत अन्त्यका लागि जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ लागु भएको पनि १३ वर्ष भएको छ तर पनि यो कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। १३ वर्षको अवधिमा पानी छोएको निहुँमा, चुलो छोएको निहुँमा अन्तरजातीय प्रेम वा विवाह गरेका कारण दर्जनौं दलितको मृत्यु भएको छ। ऐन लागु भएको यतिका वर्ष हुँदा पनि छुवाछुतसम्बन्धी मुद्दा दर्ता गर्ने प्रहरी प्रशासनले अहिले पनि ऐनप्रति अनभिज्ञता प्रकट गरिरहेको छ।


पहिलो कुरा, जातीय भेदभाव तथा छुवाछुतका मुद्दालाई समाजमै मिलापत्र गर्ने गरिन्छ। दोस्रो, प्रहरी प्रशासनसम्म मुद्दा पुगे पनि दर्ता गर्ने ठाउँमा गैरदलित भएका कारण छुवाछुतको मुद्दा दर्ता नै गर्न मान्दैन। तेस्रो, यदि मुद्दा दर्ता भएर अदालतसम्म पुग्यो भने भने अदालतमा गैरदलित नै भएका कारण पनि फैसला गैरदलित (पीडक) कै पक्षमा हुने गरेको पाइन्छ। छुवाछुतको उत्पत्ति हेर्दा जङ्गबहादुर राणाको पालादेखि जातीय भेदभाव तथा छुवाछुत सुरु भएको मानिन्छ। यदि त्यस्तै हो भने राणा शासन त हटिसक्यो तर यो छुवाछुत किन बाँकी रहेको होला? जातीय भेदभाव तथा छुवाछुतसँगै सुरु भएको सति प्रथा हटाउन हुने तर छुवाछुत भने अहिले पनि किन जीवितै रहेको होला? आखिर सति प्रथा पनि यही समाजले सिर्जना गरेको संस्कार हो र छुवाछुत पनि समाजले नै सिर्जना गरेको संस्कार हो। विश्व विज्ञान र प्रविधिको युगमा छ। मानिस एउटा कोठाभित्र बसेर संसार नियालिरहेको छ। विकसित मुलुकका मानिसहरू ग्रह छुनेबारे सोच्दै छन्। नयाँ-नयाँ योजना बुन्दै छन् तर यहाँ मानिस अछुत भएर बाँच्नु परेको छ। युगौँदेखि उत्पीडनमा पारिएको दलित सुमदायले आफूभित्र मान्छेको अस्तित्व खोजिरहेको छ। तर अछुतको नाममा यहाँ मान्छेलाई गर्ने नमिल्ने खालको निकै तल्लो स्तरको व्यवहार गरिन्छ। मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको समावेशी संविधान जारी भएको छ। संविधानको कार्यान्वयनसँगै देशलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ तर समाजमा कलङ्कको रूपमा रहेको जातीय छुवाछुत उस्तै छ। सरकारले पटक पटक छुवाछुतमुक्त राष्ट्र घोषणा गरिसकेपछि पनि सदियौँदेखि समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछुत समस्या अहिलेको आधुनिक समाजमा पनि कायम रहनु विडम्बनापूर्ण छ।

यता संविधानको प्रस्तावना, धारा २४, धारा ४०, धारा ४२ मा दलितको अधिकार र छुवाछुत अन्त्य गर्ने भनिएको छ। त्यो पनि संविधानमै सीमित छ। दलित समुदायको हकमा नत संविधानको मर्म अनुसार नै सरकार, संसद् र अदालतमा सहभागिता रहेको छ। न त अहिलेसम्म कानुन नै बन्न सकेको छ। जातीय भेदभाव तथा छुवाछुत अन्त्यका निम्ति ऐन/कानुन, नीति/नियम नभएको पनि होइन। तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको पालामा 'जातीय भेदभाव तथा (कसुर र सजाय) ऐन, २०६८' जारी भएको १२ वर्ष भइसकेको छ तर ऐनको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। ऐन लागु भए पनि पानी छोएको, चुलो छोएको निहुँमा र अन्तजातीय विवाह गरेका कारण मनविरे सुनार (कालीकोट), शिवशङ्कर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ) र नवराज विक (जाजरकोट) लगायत करिब २० जना दलित समुदायका व्यक्तिको मृत्यु भएको छ। यी घटनाका अधिकांश पीडितले अहिलेसम्म पनि न्याय पाउन सकेका छैनन्।

अन्तरजातीय विवाह गरेका कारण २०७३ सालमा पाँचखाल काभ्रेका अजित मिजार शव अहिले पनि शिक्षण अस्पताल, महाराजगन्जमा न्यायको पर्खाइमा छ। दलित समुदायले भोग्दै गरेको छुवाछुतको दीर्घकालीन समस्याको समाधानका उपायलाई केलाउँदा पहिलो कुरा त यो समस्या दलित समुदायको छुवाछुतसँग मात्रै जोडिएको छैन। यो उनीहरूको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक विषयसँग जोडिएको छ। दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिकलगायतका समग्र समस्या समाधान हुँदै गर्दा छुवाछुतको समस्या पनि समाधान देखिन्छ। यदि दलित समुदायका समस्या थाति राखेर छुवाछुतको समस्या मात्रै समाधान गर्ने हो भने सबैभन्दा पहिला जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी ऐनलाई संशोधन गरी समय सान्दर्भिक बनाउनु पर्छ। कडा कारबाहीको व्यवस्था गर्नु पर्छ। ऐन कार्यान्वयनका लागि सरकारले नै पहल गर्नुभयो। अर्को जातीय भोदभाव तथा छुवाछुतसँग जोडिएका सबै ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सरकारले नै सचेतनामूलक देशव्यापी अभियान नै सञ्चालन गर्नु पर्छ।

त्यसै गरी छुवाछुत गर्न नहुने विषयलाई विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा नै समावेश गर्नु पर्छ। भाषण र आश्वासनले मात्र यो विभेद मेटिन सक्दैन। साँचो अर्थमा समाजमा व्याप्त छुवाछुत अन्त्य गर्ने हो भने दलित समुदायको कानुन तथा न्याय क्षेत्रमा पहुँच वृद्धि गर्नु पर्छ। छुवाछुत घटनालाई तत्काल सम्बोधन गर्न सरकारी संयन्त्र प्रभावकारी बनाउनु पर्छ। सरकारी तवरबाट छुवाछुत अन्त्य गर्न देशभर चेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

# राष्ट्र निर्माणमा निजी क्षेत्र






• रामकृष्ण अधिकारी

समृद्धि एक गुणात्मक र तुलनात्मक अवस्था हो, जसलाई एकै वाक्यमा परिभाषित गर्न वा कुनै नम्बरमा मूल्याङ्कन गर्न सकिँदैन। तथापि राष्ट्रको उन्नति भएको वा सम्पन्न भएको वा राष्ट्रका सबल पक्षको बढीबढाउ भएको अवस्थालाई राष्ट्रको समृद्धि भनिन्छ। समृद्धि निरन्तरको यात्रा हो न कि कुनै गन्तव्य। राष्ट्रको आर्थिक, सामाजिक, भौतिक तथा राजनीतिक पक्षलगायतका समग्र क्षेत्रमा भएको वा हुने सकारात्मक बढोत्तरी नै समृद्धि हो। नेपालको संविधानको प्रस्तावनामा उल्लिखित '..लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं।' व्यवस्थाले यिनै पक्षलाई निर्देशित गरेको पाइन्छ। उपरोक्त राष्ट्रिय आकांक्षा पूरा गर्न सरकार, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको प्रतिबद्धता र सक्रियतासहितको सहकार्य अपरिहार्य छ।

समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न ज्ञान, सिप, पुँजी, प्रविधि र उच्चस्तरको व्यावसायिक दक्षता रहने निजी क्षेत्रको अहम् भूमिका रहने तथ्य राष्ट्रिय तथा अन्तर ाष्ट्रिय अनुभवहरूले पुष्टि गरिसकेको छ। संविधानले निर्देशित गरेको राष्ट्रिय आकांक्षा पूरा गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनुका अतिरिक्त साधनस्रोत र सक्षमतायुक्त निजी क्षेत्रको प्राथमिक दायित्व हो।

नेपालका आवधिक योजनाहरूले समेत निजी क्षेत्रलाई राज्य विकासको एक अभिन्न र जिम्मेवार क्षेत्रका रूपमा स्वीकार गरेको छ। पन्ध्रौं योजनाले लिएको दीर्घकालीन राष्ट्रिय लक्ष्य अन्तर्गतका समृद्धिका चार लक्ष्य, सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व र उच्च र समतामूलक राष्ट्रिय आय हासिल गर्न निजी क्षेत्रको निर्णायक भूमिका रहन्छ। यस योजनाले 'सार्वजनिक निजी साझेदारीको माध्यमद्वारा उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धि' गर्ने सोच लिएको थियो। योजना अवधिमा निजी क्षेत्रबाट सार्वजनिक निजी साझेदारीमा करिब सात खर्ब ५० अर्ब लगानी हुने अपेक्षा लिएको थियो। सोह्रौं योजनाको अवधारणापत्रले समेत उल्लिखित नीतिगत प्राथमिकतालाई निरन्तरता दिँदै समृद्ध राज्य निर्माणमा निजी क्षेत्रको उल्लेख्य भूमिकाको अपेक्षा गरेको छ। हरेक वर्षको सरकारका नीति तथा कार्यक्रमले निजी क्षेत्रसँग सहकार्य गरी सो क्षेत्रको विकासमा सहजीकरणर संवर्धन गर्दै सरकारको नियमनकारी भूमिकालाई सरल, सहभागितामूलक र पारदर्शी बनाउँदै लगेको छ। परिणातः नेपालको निजी क्षेत्रको विकास र विस्तार हुँदै गएको तथ्य योजनाबद्ध विकासमा निजी क्षेत्रको योगदान तथा अर्थतन्त्रमा यस क्षेत्रको उदीयमान उपस्थितिले पुष्टि गर्छ।

**निजी क्षेत्रले खेलेका भूमिका**

समृद्धि यात्रामा निजी क्षेत्रले पुऱ्याएको योगदान तथा खेलेको भूमिका महत्वपूर्ण रहेको हुँदा यसका सकारात्मक र सुधारापेक्षी पक्षहरूको समीक्षा गर्न आवश्यक छ। विषेशतः २०४६ सालको राजनीतिक परिवर्तन सँगसँगै लिइएको उदारीकरणको नीति एवं सूचना प्रविधिको क्षेत्रमा भएको अकल्पनीय विकासले नेपालमा निजी क्षेत्रको विकास र विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ। सूचना तथा सञ्चार, बैङ्क तथा वित्तीय सेवा, जलविद्युत्, यातायात, निर्माण तथा पूर्वाधार, शिक्षा तथा स्वास्थ्यलगायतका क्षेत्रमा यस अवधिमा भएको उल्लेखनीय विस्तार तथा विकासमा निजी क्षेत्रको महत्वपूर्ण योगदान छ।

पछिल्लो समयमा शिक्षा, स्वास्थ्य, पर्यटनलगायत सेवा क्षेत्रमा निजी क्षेत्रको उल्लेख्य लगानी परिचालन भएको र सेवा विस्तार भई देशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान दुई तिहाइ नजिक पुगेको छ। सेवा क्षेत्रको विस्तारले रोजगारी सिर्जनामा समेत निजी क्षेत्रको योगदान बढेको छ। जलविद्युत् उत्पादनको क्षेत्रमा निजी क्षेत्रको प्रवेशपश्चात् यस क्षेत्रमा नेपाल आत्मनिर्भर हुँदै निर्यातमार्फत चुलिँदो व्यापार घाटा कम गर्न सहयोगी हुने परिस्थिति विकास हुँदै गएको छ। शिक्षा क्षेत्रमा भएको विकासले अन्तर्राष्ट्रिय स्तरको शिक्षा देशभित्रै हासिल गर्न सकिने वातावरण बन्दै गरेको छ भने स्वास्थ्य क्षेत्रमा समेत जटिल र गम्भीर प्रकृतिका स्वास्थ्य समस्याको उपचारसमेत देशभित्रै उपलब्ध भई सेवा नै प्राप्त नहुने तथा सेवाका लागि ठुलो रकम बिदेसिने अवस्थामा न्यूनीकरण भई यी क्षेत्रमा देश आत्मनिर्भरतातर्फ उन्मुख भएको छ।

उल्लिखित उपलब्धि हुँदाहुँदै निजी क्षेत्र समस्यारहित भने छैन। यस क्षेत्रका कतिपय समस्याका लागि स्वयम् निजी क्षेत्र जिम्मेवार रहेको पाइन्छ भने कतिपय नीतिगत समस्यासमेत रहेका छन्। निजी क्षेत्र विकासका संवाहक, सरकारको सहयात्री र जनताका सहयोगी हुनुपर्नेमा उल्लिखित समस्या र कतिपय अवस्थामा नकारात्मक सोच हाबी हुँदा उनीहरू नाफाखोर, राजस्व र सार्वजनिक स्रोतसाधनको अपचलनकर्ताका रूपमा समेत चित्रित भइरहेको पाइन्छ। यस्तो भाष्य सिर्जना हुनुका पछाडि तपसिलबमोजिमका प्रवृत्ति जिम्मेवार रहेको पाइन्छ :

क. सिन्डिकेट, कार्टेलिङ, उत्पादक र उपभोक्ताकाबिच बहुतहको बिचौलियाको अनपेक्षित उपस्थितिका कारण कमजोर बजार प्रतिस्पर्धाले आमउपभोक्तामा परेको नकारात्मक असर।

ख. अनौपचारिक कारोबार, न्यून बिजकीकरण, चोरी तस्करी, हुन्डी कारोबार, अवैध क्षेत्रमा लगानी, उच्च राजस्व चुहावट तथा मूल्य र आपूर्तिमा अस्वाभाविक उतारचढावका कारण निजी क्षेत्रमाथिको विश्वसनीयतामा ह्रास।

ग. शिक्षा, स्वास्थ्यलगायतका सेवा क्षेत्रको चर्को मूल्य र न्यून गुणस्तरका कारण आमनागरिकमा व्यप्त अविश्वास र असन्तुष्टि।

घ. उत्पादनमूलक कृषि तथा औद्योगिक क्षेत्रमा भन्दा वाणिज्य र व्यापारलगायतका सेवा क्षेत्रमा अधिक केन्द्रित हुनु। प्राथमिक तथा द्वितीय क्षेत्रको विकासबिना तृतीय क्षेत्रको विकास दिगो नहुने हुँदा सो क्षेत्रमा अपेक्षित लगानी नहुनुका कारण निजी क्षेत्रप्रति विश्वशनीयतामा प्रश्न उठ्ने गरेको।

ङ. निर्माण तथा पूर्वाधार क्षेत्रमा देखिएको उच्च लागत र न्यून गुणस्तर एवं तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्दा धकेलिएको समय र महँगिएको सार्वजनिक निर्माणले निजी क्षेत्रको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको छ।

च. निजी क्षेत्रमा श्रम र श्रमिकको उचित सम्मान हुन नसकेको, श्रम शोषण हुने गरेको तथा निजी क्षेत्र व्यावसायिक रूपमा भन्दा व्यक्ति वा पारिवारिक घेराभित्र सञ्चालन हुने गरेको आमगुनासो रहेको छ।

छ. विविध कारणले निजी क्षेत्रको बढ्दो लागत, न्यून उत्पादन तथा उत्पादकत्व एवं कमजोर प्रतिस्पर्धात्मक क्षमताका कारण यस क्षेत्रको अपेक्षित संस्थागत विकास हुन सकेको छैन।

**निजी क्षेत्रसँगको अपेक्षा**

समाजमा जोसँग अपेक्षा हुन्छ उसैको टीकाटिप्पणी गरिन्छ। निजी क्षेत्र समाजको एक अभिन्न अङ्ग र अर्थतन्त्रको प्रमुख खम्बा भएका कारण नै यस क्षेत्रमा भएका कमीकमजोरीको चर्चा गरिन्छ। ती कमजोरी सुधार हुने अपेक्षा राखिन्छ। साथै सो क्षेत्रमा रहेका खराबीले आमनागरिकको जनजीवनमा गम्भीर नकारात्मक असर र देश विकासमा समेत ठुलो धक्का पुग्न जान्छ। तसर्थ देशको अर्थतन्त्रको प्रमुख खम्बा निजी क्षेत्रमा रहेका कमीकमजोरीको तत्काल सुधार अपरिहार्य छ। यसका लागि तपसिलबमोजिमको सुधारको अपेक्षा गरिन्छ :

क. समाजमा असल र इमानदार उद्यमी व्यवसायी रहन्छन् र तिनलाई सरकार र समाजले सहजीकरण, सम्मान र सहयोग गर्नु पर्छ भन्ने मर्मका साथ नीतिगत सुधार र कार्यसस्कृति अवलम्बन गरिनु पर्छ।

ख. लोकतान्त्रिक शासन प्रणालीको प्रमुख आधार कानुनको शासन भएकाले कानुनको अवज्ञा अक्षम हुने हुँदा गैरकानुनी गतिविधि निर्ममताका साथ नियन्त्रण गर्नमा निजी, प्रशासनिक र राजनीतिक क्षेत्रको कटिबद्धता एवं अग्रक्रियाशीलता हुनु पर्छ।

ग. सरकारको प्राथमिकता प्राथमिक क्षेत्रको सबलीकरण, द्वितीय क्षेत्रको विकासमार्फत तृतीय क्षेत्रको स्थायित्व कायम गरी समग्र आर्थिक विकासको दिगोपना सुनिश्चित गर्ने हुनु पर्छ।

घ. उत्पादन लागत घटाइ उत्पादकत्व बढाउन आवश्यक नीतिगत, कार्यप्रणाली तथा व्यवस्थापकीय सुधार गरिनु पर्छ।

ङ. निजी क्षेत्रले शिक्षा, स्वास्थ्य, निर्माण तथा पूर्वाधार विकासलगायतमा हासिल गरेको परिमाणात्मक उपलब्धिलाई विस्तार गर्दै गुणात्मक सुधारमार्फत जनविश्वास स्थापित गर्न इमानदार र उचित प्रयास गर्नु पर्छ।

च. निजी क्षेत्रको संस्थागत विकासका लागि निजी क्षेत्रले व्यावसायिक र सङ्गठित रूपमा सञ्चालन भई संस्थागत सुशासनको सुनिश्चितता गर्नु पर्छ।

नेपालको संविधानले सरकारी, निजी तथा सहकारीलाई अर्थतन्त्रको प्रमुख संवाहकको रूपमा अङ्गीकार गरेको छ, नेपालको आर्थिक विकासमा यी तिनै क्षेत्रको अहम् भूमिका रहन्छ। कुनै एक क्षेत्रको विकासबिना देशको समग्र विकास हुन नसक्ने र एक क्षेत्रको विकासले अर्को क्षेत्रको विकासलाई भरोसायोग्य टेवा पुग्ने हुँदा तिनै क्षेत्रका सबल पक्षको प्रवर्धन र कमीकमजोरीको निरन्तरको सुधार नै आजको आवश्यकता हो। राष्ट्रिय अर्थतन्त्रको विकासबाट नै नेपालको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुन सक्छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य पूरा गर्नु राजनीतिक क्षेत्र, सरकार र निजी क्षेत्रलगायत प्रत्येक सचेत नागरिकको कर्तव्य हो।

# पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाएकामा माओवादीको आपत्ति




झापा(प्रस) ।मानव तस्करी आरोपमा पक्राउ परेका कोशी प्रदेशका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीलाई काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा नचलाएकोमा माओवादीले आपत्ति जनाएको छ । माओवादी पदाधिकारीको बैठकले सरकारले मानव तस्करीको गम्भीर आरोप लागेका पूर्वमन्त्री अधिकारीलाई एमाले भएकै कारण उन्मुक्ति दिएको निष्कर्ष निकालेको हो ।

'कोशी प्रदेशका पूर्वमन्त्री (अधिकारी) लाई उन्मुक्ति दिएर सरकारले निकटलाई जोगाउने काम गऱ्यो,' माओवादी उपमहासचिव वर्षमान पुनले भने, 'यस्तो कार्य आपत्तिजनक छ । यो आफ्नालाई जोगाउने र विपक्षीलाई फसाउने नीति हो ।' पूर्वमन्त्री अधिकारीसँग जापान पुगेर फर्काइएका ३ युवासहित ११ जनाविरुद्ध भने सोमबार मुद्दा दायर गरिएको छ ।

प्रहरीले अधिकारीसहित १२ जनाविरुद्ध किर्ते र मानव तस्करीमा मुद्दा चलाउन आइतबार सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो । तर, सरकारको दबाबमा अधिकारीलाई उन्मुक्ति दिएको माओवादीको आरोप छ । 'प्रहरीले दिएको प्रतिवेदनका आधारमा मुद्दा नचलाई अधिकारीलाई जोगाएर सरकारले आफ्नो नियत देखाएको छ,' पुनले भने ।

अधिकारीसँगै तीन युवा रसुवाका कञ्चन देवकोटा, खोटाङका दावा शेर्पा र जनक राई जापानबाट फर्काइएका थिए । अधिकारीको साथ लगाएर जापान पठाइएका युवासँग गिरोहले जापानमा लुकाउने योजनासहित रकम असुलेको थियो । सरकारी वकिलको कार्यालयबाट उन्मुक्ति पाएका अधिकारी प्रधानमन्त्री केपी शर्मा ओलीको दल एमालेका नेता तथा कोशी प्रदेशका सांसद हुन् । मानव तस्करीमा मुछिएपछि उनी मन्त्रीबाट हटाइएका थिए भने एमालेले पार्टीका सबै जिम्मेवारीबाट निलम्बन गरेको थियो । अनुसन्धानका लागि गत कात्तिक २५ मा पक्राउ परेका उनको प्रदेश सांसद पद पनि निलम्बनमा परेको थियो । गिरोहको योजनामा तत्कालीन मन्त्री र तीन युवा कात्तिक १३ मा जापान उडेका थिए । तर कागजपत्र शंकास्पद देखिएपछि जापान अध्यागमनले फर्काएको थियो । राजीनामा दिएर बसेका उनलाई कात्तिक २५ मा प्रहरीले मोरङको बरगाछीस्थित निवासबाटै पक्राउ गरी अनुसन्धानका लागि काठमाडौं ल्याएको थियो ।

बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहालले सरकार आफू निकट 'भ्रष्टाचारी'लाई जोगाउने अभियानमा लागेको भन्दै स्थानीय निर्वाचनमा सुशासनलाई मुख्य मुद्दा बनाएको बताए । 'सरकारले जतिसुकै गल्ती गरे पनि आफ्नालाई जोगाउने र विपक्षीलाई फसाउने नियत राखेको छ,' दाहालको भनाइ थियो, 'यो कार्यको हामीले विरोध गर्नुपर्छ ।' स्थानीय उपनिर्वाचनको सन्दर्भमा दाहालले भ्रष्टाचारविरुद्ध र सुशासनको अभियानका रूपमा लिएको उल्लेख गर्दै आफ्नो दलका उम्मेदवारलाई जिताउन आग्रह गरेका छन् ।

# 'भद्रपुरको प्रतिविम्ब'ले भद्रपुर जगाउँदै



• द्रोण अधिकारी गुहेली

प्रविधिभित्र खोज अनुसन्धानमा रमाउने लेखक खेमराज दाहालले झापा जिल्लाको सदरमुकाम भद्रपुरभित्रका महत्वपूर्ण जानकारी समेटेर पुस्तक प्रकाशन गरेका छन् । लेखक दाहालले तेश्रो कृतिका रूपमा भद्रपुरको प्रतिबिम्ब प्रकाशित गरी पाठकको हातहातमा पुऱ्याउने प्रयास गरेका हुन् ।

यस कृतिले तथ्याङ्कमा भद्रपुर नगरपालिका, झापा जिल्ला र देशभित्रका महत्वपूर्ण क्षेत्र समेटेर उल्लेख्य विषयवस्तुका साथ तयार भएको पुस्तकले सत्यलाई तथ्यमा जोड्ने प्रयास गरेको देखिन्छ । नेपालको सुदूर पूर्वको दक्षिणी कोणमा रहेको नेपालकै प्राचीन शहर भद्रपुरको उत्खनन् प्रयासमा देखिएको यस पुस्तकले इतिहासदेखि वर्तमानसम्म जोड्ने काम गरेको छ । भद्रपुरका १० वटै वडालाई तथ्याङ्कमा तथ्यसहित समेटेको पुस्तकले जनप्रतिनिधि, भौगोलिक अवस्था, पेशा व्यवसायको अवस्था, उद्योग तथा व्यापार, शैक्षिक क्षेत्र, स्वास्थ्य संस्था, सामाजिक संघ संस्था, पर्यटकीय क्षेत्र, जल जमिन र जंगलको अवस्था, साहित्य कलाको पहिचान, राष्ट्रिय, क्षेत्रीय र स्थानीय क्षेत्रका लागि योगदान दिने उल्लेख्य व्यक्तित्वको परिचय र नगरपालिकाको महत्वका विषयलाई सशक्त रूपमा पुस्तकले विशेष ज्ञानसहित जानकारी दिने छ । लेखक उत्तरी झापामा जन्मिए हुर्किए पनि छाँयामा परेको दक्षिणको शहर भद्रपुरलाई उज्यालो यात्रामा लैजान पुस्तकारबाट सफल देखिन्छन् । हेर्दा सामान्य आकारको जस्तो आकृतिमा देखिने पुस्तकले झापा सदरमुकाम भद्रपुरलाई सचित्र चिनाउने प्रयास गरेको देखिन्छ । लेखका शब्दलाई सापटी लिएर भन्ने हो भने पुस्तक तथ्यमा आधारित इतिहासदेखि वर्तमानसम्म सत्य दस्तावेज हो । शब्द र चित्रको मिश्रणबाट नवीन शैलीमा निर्मित पुस्तकले भद्रपुरलाई जीवन्त राख्ने प्रयास समेत गरेको छ । पुस्तकभित्र पसेपछि पाठकले अल्छी नलाग्दै पढिसक्न पाउने छन् किनकि शब्दहरू तथ्यमा आधारित छन् । नगरपालिकाको स्थापना कालदेखि अहिलेसम्मका जनप्रतिनिधि तथा नेतृत्वकर्ता, सम्बद्ध उल्लेख्य व्यक्तित्व, चर्चित तथा पर्यटकीय गन्तव्य स्थानको पर्याप्त जानकारी समेटिएको छ ।

१०७ वर्षअघि (वि.सं.१९७४)–सम्म 'धुपगाछी' नामले चिनिने बेलादेखि आजको अवस्थासम्मको भद्रपुरको इतिहास यस पुस्तकमा पढेर जान्न पाइन्छ । यसका साथै पुस्तकमा भद्रपुरलाई जीवन्त देख्न सकिन्छ । भद्रपुर बाहिरका अत्यावश्यक जानकारीहरू समेत समाविष्ट छन् । अहिलेसम्म यहाँका रैथाने बासीले नदेखेको वा वास्ता नगरेको विषयलाई पुस्तकार बनाइनु आफैमा उल्लेख्य कार्य मान्नु पर्छ । भद्रपुरमा पछिल्लो समय आयातित जनसंख्याले अतिक्रमण गरिरहेको परिदृष्यमा यहाँ रहेको मौलिक परिचय हराउने हो कि भन्ने चिन्तालाई केही हदसम्म रोक्नका लागि यो पुस्तक औषधी हुने छ ।

सामाजिक सञ्जालको बढ्दो प्रभावकारिता किशोर, युवा र वयस्कहरूका लागि सहज ग्रह्य भएका कारण पनि र यसले सबै उमेर समूहका लागि आ-आफ्नै किसिमले 'फेसन'-को आकर्षक रूप लिँदै गएका कारण पनि 'पुस्तक पढ्ने चलन' क्रमिकरूपमा घट्तै गइरहेको छ । पुस्तक पढ्नेको संख्या घट्दो अवस्थामा छ। त्यसैले अक्षर-खेतीमा मनोवैज्ञानिक खडेरी पर्दै गइरहेको छ । त्यही पनि लेखकहरू आफ्ना कृति ऐतिहासिक, जीवनोपयोगी, सरस र आकर्षक बनाउन तल्लिन रहनुचाँहि एउटा आशाको खेती मान्नु पर्छ ।

यो पुस्तकले भद्रपुरको नेतृत्व गरेका कुनै पनि जनप्रतिनिधिको जानकारी गराउन सहयोग गर्ने छ । घुम्न, हेर्न वा डुल्न जाने पर्यटकीय स्थलको सूची छनौटमा यो पुस्तक महत्वपूर्ण सामग्री बन्ने देखिन्छ । भद्रपुरको नामकरणदेखि पहिचान र व्यापारिक इतिहास समेत खोतलेको पुस्तकले विगत र वर्तमानमा भद्रपुर तुलना गर्न सक्ने आधार समेत छोडेको छ । २२ वटा शीर्षकमा तयार भएको पुस्तकले तथ्यलाई जोड दिएको देखिन्छ । समग्र भद्रपुरको पहिचान समेट्न नसके पनि अधिक पहिचान समेट्ने प्रयास भने पुस्तकका विषयवस्तुले गरेको देखिन्छ । राजनीतिक, धार्मिक, भौगोलिक, शैक्षिक, सामाजिक, औद्योगिक, व्यपारिक र वातावरणीय क्षेत्र र अवस्थाको पहिचान दिलाउने प्रयास गरेको पुस्तकले विगत र वर्तमान जोड्न सफल देखिन्छ । लेखक दाहाल कम्प्युटर प्राविधिक रहेकै कारण हुन सक्छ पुस्तक छोटो छरितो र सरल भाषा शैलीमा तयार हुन सफल देखिन्छ । विद्यालय तहका बालबालिकादेखि सरकारी जागिर खान चाहने युवा युवतीसम्मलाई अति आवश्यक हुन सक्ने पुस्तकको आफ्नै मौलिक पहिचान देखिन्छ । नेपालका पुराना शहर मध्येमा रहेको भद्रपुरको छाँयामा पर्दै गएको पहिचान बल्झाउने प्रयास पुस्तकको शक्तिका रूपमा बुझ्न सकिन्छ ।




लेखक दाहाल मेचीनगर ३ बाहुण्डाँगीमा वि सं २०३४ चैत्र २१ जन्मिएर हुर्के पनि रोजगारीको सिलसिलामा सदरमुकाम भद्रपुर झरेका उनी भद्रपुर ७ का बासिन्दा हुन् । उनले आफ्नो जन्मभूमि झापालाई देश विदेशमा चिनाउन गरेका विभिन्न प्रयासमध्ये यो पुस्तक पनि एउटा पाटो भएर आएको देखिन्छ । वि सं २०८१ साल भदौमा प्रकाशन भई पाठकका हातहातमा गइसकेको यस कृति नामकरणमा भद्रपुरको प्रतिविम्ब भएर आएको भए पनि पुस्तक झापा र नेपालको समेत विम्ब बन्न सफल छ ।

# श्रमिकको स्वास्थ्य परीक्षणलाई डिजिटलाइज गर्न सिफारिस




झापा(प्रस) । वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकलाई उच्च तापक्रम (हिट स्ट्रेस)बाट मुटु र मिर्गौला फेलजस्ता जटिल प्रकृतिका स्वास्थ्य समस्या हुने गरेको भन्दै त्यस्तो जोखिमबाट बचाउन श्रमिकको गुणस्तरीय स्वास्थ्य परीक्षणलाई सुनिश्चित गर्नुपर्ने औँल्याइएको छ । श्रमिकको स्वास्थ्य परीक्षण कार्यको सुधारका लागि गठित विशेषज्ञ अध्ययन कार्यदलले श्रमिकको स्वास्थ्य जोखिम कम गर्न 'सेन्टरलाइज्ड डिजिटल रेपोजिटरी सिस्टम' स्थापना गर्न सरकारलाई सिफारिस गरेको हो।

स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. दिपेन्द्ररमण सिंहको नेतृत्वमा गठित उच्चस्तरीय विशेषज्ञ सम्मिलित कार्यदलले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई सुझावसहितको प्रतिवेदन पेश गरेको हो ।

श्रम मन्त्रालयले गत भदौ १३ गते वैदेशिक रोजगारीमा जाने र गएका नेपालीको स्वास्थ्य परीक्षणको बिषयमा अध्ययन गरी सुझाव दिन विज्ञ सम्मिलित ३० सदस्यीय अध्ययन कार्यदल बनाइएको थियो । जसमा वीर, टिचिङ, पाटन, सहिद धर्मभक्त, शुक्रराज ट्रपिकल, क्रिष्ट मेडिकल, तिलगंगा आँखा अस्पताललगायतका विशेषज्ञ डाक्टरहरु छन् ।

प्रतिवेदनले स्वास्थ्य संस्था, चिकित्सक र श्रमिकलाई जिम्मेवार बनाई गुणस्तरीय स्वास्थ्य परीक्षणको सुनिश्चित गर्न र मेडिकल फिट सम्बन्धी रिपोर्ट दिने गलत अभ्यासलाई शतप्रतिशत अन्त्य गर्नको लागि स्वास्थ्य संस्थालाई 'डिजिटलाईजेशन' गर्न जरुरी देखिएको जनाएको छ ।

कार्यदलका अध्यक्ष डा. सिंहले कामको आधारमा स्वास्थ्य परीक्षण नहुँदा श्रमिकको स्वास्थ्य जोखिममा परेको बताए । 'हामीले वैदेशिक रोजगारीमा जाने श्रमिकको गुणस्तरीय स्वास्थ्य परीक्षण नभइरहेको देखियो । अहिले जे भइरहेको छ, त्यो विधि पुऱ्याउन मात्रै छ । वास्तविक स्वास्थ्य परीक्षण छैन,' उनले भने । उनका अनुसार वैदेशिक रोजगारीमा मृत्युको कारणलाई स्पष्टरुपमा खुलाउन जरुरी रहेको छ । वैदेशिक रोजगार बोर्डमा क्षतिपूर्तिको लागि पेश हुने मृतक प्रमाणपत्रमा मृत्युको कारण स्पष्ट रुपमा उल्लेख गरिएको हुँदैन । अधिकांश मृतक प्रमाणपत्रमा 'नेचुरल, सडेन डेथ, हृदयघात, अननेचुरल' जस्ता शब्दहरु लेखिएको हुन्छ ।

'अहिले श्रमिकको सबैभन्दा ठुलो हिट स्ट्रेसको कारणले थप स्वास्थ्य जोखिम देखिएको छ । मिर्गौला फेल हुने देखि मुटुको समस्या बढेर आएको छ,' उनले भने, 'यी बिषयलाई रोकथाम गर्न श्रमिक जानेदेखि कार्यस्थलमा रहदासम्म डिजिटल ट्र्याकिङ गरी श्रमिकको पूर्ण स्वास्थ्य विवरण राख्ने संयन्त्र विकास गर्नुपर्छ ।'

वैदेशिक रोजगारमा जाने नेपालीको स्वदेश र गन्तव्य देशमा उचित स्वास्थ्य परीक्षण नहुँदा र परीक्षण गर्नको लागि पहुँच नहुँदा अकालमा ज्यान गइरहेको प्रतिवेदनले औँल्याएको छ । वैदेशिक रोजगार बोर्डका अनुसार हरेक वर्ष एक हजार जना नेपालीको ज्यान गइरहेको छ ।

बोर्डको अभिलेख अनुसार पछिल्लो १४ वर्ष (००८/९ देखि २१/२२) सम्म १४ हजार ६ सय ६६ जना श्रमिकको मृत्यु भएको थियो । जसमा सबैभन्दा बढी कार्डियक एरेष्ट/हृदयघातबाट १९ प्रतिशत, नेचुरलबाट १९.५ प्रतिशत र कार्यस्थल दुर्घटनाबाट ७ प्रतिशत, सडक दुर्घटनामा १२.७, आत्महत्याबाट ११ प्रतिशत र बाँकी ३०.८ प्रतिशत अन्य कारणले मृत्यु भएको छ ।

कार्यदलको प्रतिवेदन अनुसार अधिकांश स्वास्थ्य संस्थाहरू नेपाल सरकारको मापदण्ड पनि पूरा नभएकोप्रति ध्यानाकर्षण जनाउदै नेपाल सरकारबाट सूचीकृत भएका स्वास्थ्य संस्थाहरू (सम्बन्धित देशमार्फत छनौट भएका तथा नभएका)लाई अन्तर्राष्ट्रिय स्तरको मापदण्ड अनुसार स्तरीकृत गरी सबै देशको लागि एकरुपता बनाउन सरकारले एकद्धार प्रणालीको लागि पहल गर्न सुझाव दिएको हो ।

# विश्वकै प्रदूषित सहरको सातौँ स्थानमा काठमाडौँ

झापा(प्रस) । काठमाडौँ विश्वको प्रदूषित सहरको सातौँ स्थानमा देखिएको छ । काठमाडौँ विश्वकै प्रदूषित सहरको सातौँ स्थानमा पुगेको युरोपेली प्रदूषण मापन संस्था वर्ल्ड एयर क्वालिटी इन्डेक्स (आईक्यूएयर)ले देखाएको हो । बिहीबार अपरान्ह १२ बजेर १९ मिनेटमा विश्वको प्रदूषित सहर सूचकाङ्कको सातौँ स्थानमा देखिएको हो । आईक्यूएयरका अनुसार बुधवार अपराह्न १२ः १९ बजे काठमाडौँको वायु प्रदूषणको मात्रा १५५ आईक्यूआई छ ।

उक्त सूचाङ्कअनुसार पहिलो स्थानमा पाकिस्तानको लाहोर छ । सो समयमा यहाँको वायु प्रदूषणको मात्रा ४७७ आईक्यूआई देखिएको छ । यस्तै, दोस्रोमा भारतको दिल्ली छ । यहाँ मात्र ४३७ आईक्यूआई देखिएको छ । यस्तै, क्रमशः इजिप्टको कायरो, नर्थको म्यासेडोनिया स्कोप्ज, काजकिस्तानको अस्तान, पाकिस्तानको कराँची लगायत सहरमा बढी वायु प्रदूषण देखिएको छ ।

वायु प्रदूषण बढेसँगै वातावरण विभागले सावधानी अपनाउन आग्रह गरेको छ । विभागले ठोस तथा प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन, सवारी साधनको नियमित मर्मत सम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धूवाँ धूलोको नियन्त्रण गरी सावधानी अपनाउन आग्रह गरेको हो । नेपालमा विशेषगरी मंसिरदेखि जेठ महिनासम्म वायु प्रदूषण उच्च हुने गरेको पाइन्छ । विगत केही हप्तादेखि नेपालको तराई क्षेत्र लगायत काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको पाइएको विभागले उल्लेख गरेको छ । वायु प्रदूषणको मुख्य कारक उद्योग कलकारखाना र सवारी साधनबाट निष्कासन हुने धूवाँ, वन डढेलो, खुला रूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउने, घरबाट निस्कने धूवाँ, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धूलो आदि रहेको सो सूचनामा उल्लेख छ ।

स्वास्थ्यका दृष्टिकोणले वायु गुणस्तर सूचकाङ्क ०-५० हुँदा राम्रो, ५१-१०० हुँदा मध्यम, १०१-१५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ हुने विभागले जनाएको छ । यस्तै, सो सूचकाङ्क १५१-२०० पुगेमा अस्वस्थ, २०१ - ३०० निकै अस्वस्थ तथा ३०१ भन्दा माथि भएमा खतरनाक तह पुगेको सङ्केत गर्दछ ।

आईक्युआईमार्फत हावामा आँखाले देख्न नसकिने प्रदूषणको मात्रा जाँचिन्छ । आईक्यूआईले वायुमा मिसिएका आँखाले देख्न नसकिने २.५ माइक्रोनभन्दा साना कण, कार्बन मोनोअक्साइड, सल्फर, नाइट्रोजन अक्साइडको मात्रालाई बुझाउँछ ।

वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेष गरी बालबालिका, वृद्धवृद्धा एवं श्वासप्रश्वास र मुटुका बिरामी, गर्भवती महिलालाई बढी प्रभाव पार्ने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन समेत विभागको आग्रह छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** सुखदुःख बराबरी मध्यम खालको दिन छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** आत्मबल बढाएर काम गरेमा असफल भईदैन । पारिवारिक सद्भाव बढ्नेछ ।